स्थानीय सरकार
# बागमती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
झुरझुरे, मकवानपुर

☎ ९८५५०७२०७२
☎ ९८४११६२७७२

बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्या: २०८१/०८२
च.नं.: ३११८

मिति: २०८२/०२/१९
ने.सं. ११४५ तछलाष्व ७ सोमवार

विषयः **रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।**

**श्री यो जो जससँग सम्बन्धित छ।**

प्रस्तुत विषयमा मकवानपुर जिल्ला बागमती गाउँपालिका, वडा नं.- ०२, राईगाउँ स्थित श्री वागमती माध्यमिक विद्यालयमा रिक्त रहेको प्राथमिक तह तृतीय श्रेणीको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि वढाइदिन भनि विद्यालयको च.नं. १०६, मिति २०८२/०१/३१ को पत्रवाट अनुरोध भई आएकोले सम्वन्धित तह र योग्यता पुगेका स्थायी शिक्षकहरुवाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र शिक्षा नियमावलीको अनुसूची-१७ वमोजिमको ढाँचामा सम्वन्धित विद्यालय, स्थानीय तह र जिल्लान्तर सरुवाको हकमा शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्वन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ वमोजिम सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**पुनश्चः**

१. तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना bagmati2032@gmail.com मार्फत समेत निवेदन पेस गर्न सकिनेछ।

२. म्याद नाघी वा तोकिए वमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन।

(ओम वहादुर दर्जी)
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री शिक्षा विकास तथा समन्वय इकाइ, मकवानपुर, हेटौंडा।
श्री वागमती माध्यमिक विद्यालय, वागमती- ०२, राईगाउँ, मकवानपुर।
श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर।